## दफावार छलफलको लागि तयार गरिएको

## नेपालगंज उप-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन नियमावली, २०८२

## को

## मस्यौदा (ड्राफ्ट)

नेपालगंज उप-महानगरपालिकाको "**फोहोरमैला व्यवस्थापन ऐन, २०७५**" को दफा ३५ले दिएको अधिकार प्रयोग गरी नेपालगंज उप-महानगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "**नेपालगंज उप-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन नियमावली, २०८२**" रहेको छ ।

(२) यस नियमावली नेपालगंज उप-महानगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस नियमावलीमाः**

(क) "**ऐन**" भन्नाले नेपालगंज उप-महानगरपालिकाको "**फोहोरमैला व्यवस्थापन ऐन, २०७५**" सम्झनु पर्छ।

(ख) "**उत्पादन श्रोत**" भन्नाले फोहोरमैला निस्कने, उब्जने वा फोहोरमैला निष्काशन सुरु हुने ठाउँ सम्झनु पर्छ।

(ग) "**अजैविक**" भन्नाले छिट्टै सडी गली नजाने वा छिट्टै नकुहिने पदार्थलाई सम्झनु पर्छ।

(घ) "**घना मानव बस्ती**" भन्नाले एक हजार घरधुरी वा सो भन्दा बढी बस्ती भएको क्षेत्रलाई सम्झनु पर्नेछ।

(ङ) "**चक्रिय अर्थतन्त्र**" भन्नाले स्रोतको पुनः प्रयोग, फोहोरको न्यूनीकरण, र उत्पादन तथा खपत प्रक्रियालाई पुनःचक्रणको माध्यमबाट व्यवस्थित गर्ने आर्थिक प्रणालीलाई जनाउँछ। यसले उत्पादन र उपभोगको परम्परागत ढाँचा "लिनु, प्रयोग गर्नु, फ्याँक्नु" बाट "लिनु, प्रयोग गर्नु, पुनः प्रयोग गर्नु" भन्ने दिगो र पुनर्चक्रणमा आधारित अवधारणा तर्फ रूपान्तरण गर्ने संकेत गर्दछ।

(च) "**जैविक**" भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्दछ र सो शब्दले जैविक चिज वस्तु प्रयोग गरी बनाइएको कागज समेतलाई जनाउनेछ।

(छ) "**नगर-कार्यापालिकाको कार्यालय**" भन्नाले नेपालगंज उप-महानगरपालिकाको नगर-कार्यपालिकाको कार्यालयलाई बुझाउने छ।

(ज) "**प्लास्टिक**" भन्नाले कुनै पनि यस्तो सामग्रीलाई जनाउँछ, जुन बहुलकबाट बनेको जैविक रूपले विघटन गर्न नसकिने, तातो वा चापको प्रभावमा आकार परिवर्तन गर्न सकिने लचिलो वा कडा पदार्थको रूपमा प्रयोगमा ल्याइने प्लास्टिकजन्य वस्तुलाई जनाउँछ साथै यस शब्दले पुनः प्रयोग गर्न नसकिने प्रकृतिका प्लास्टिकजन्य वस्तुलाई समेत जनाउनेछ ।

(झ) "**प्लाष्टिक झोला**" भन्नाले गुणस्तरहिन प्लाष्टिक झोला ४० माइक्रोन भन्दा कमका झोलालाई बुझाउने छ।

(ञ) "**प्लास्टिक फोहोरमैला**" भन्नाले पातला र हल्का बहुलक (polymers) सामग्रीबाट बनेका झोलाहरूलाई जनाउँछ, जुन सामान बोक्न, प्याकेजिङ गर्न र फोहोर व्यवस्थापनमा प्रयोग गरिने ,जैविक रूपमा नष्ट हुन धेरै समय लाग्ने र वातावरणीय प्रदूषणको प्रमुख स्रोत मानिने वस्तुलाई जनाउँछ।

(ट) "**लैङ्गिक समानता**" भन्नाले पुरुष, महिला र अन्य सबै लिंगका व्यक्तिहरूलाई बिना भेदभाव समान अवसर, अधिकार र सम्मान प्रदान गर्ने सामाजिक अवस्था जनाउँछ।

(ठ) "**वातावरणीय अध्ययन**" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीण परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ड) "**सामाजिक समावेशीकरण**" भन्नाले समाजका सबै वर्ग, जात, लिंग, धर्म, र समुदायका व्यक्तिहरूलाई सामाजिक, आर्थिक र सांस्कृतिक जीवनका अवसरहरूमा समान रूपमा सहभागी गराउन गरिने प्रक्रियालाई जनाउँछ।

(ढ) **"हानिकारक फोहोरमैला"** भन्नाले प्राकृतिक वातावरण वा पर्यावरणीय प्रणालीमा ह्रास ल्याउने, मानव तथा जीवजन्तुको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्कासित फोहोरमैला सम्झनु पर्छ र सो शब्दले पारोयुक्त फोहोरमैला वा रेडियो विकिरण समेत जनाउँछ।

(ण) "**विद्युतीय फोहोर"** भन्नाले परित्याग गरिएका टेलिभिजन, व्यक्तिगत कम्प्युटर, फ्लपी, अडियो-भिडियो सीडी, ब्याट्री, मोबाइल फोन, फ्रिज, एयर कन्डिसनर, विद्युतीय खेलौना, टेलिफोन, वाशिङ मेसिन, विद्युतीय स्विच तथा यस्तै अन्य विद्युतीय उपकरणहरूबाट उत्पन्न हुने फोहोरलाई जनाउँछ।

(त) "**शुल्क**" भन्नाले नगर सभाले दिएको अधिकार प्रयोग गरी ऐनको दफा १७ बमोजिम नेपालगंज उप-महानगरपालिको नगर कार्यापालिकाको कार्यालयबाट जारी गरिएको फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्झनु पर्छ ।

## परिच्छेद-२

## फोहोरमैला उत्पादन, संकलन, न्यूनिकरण तथा निष्कासन सम्बन्धि व्यवस्था

**३. फोहोरमैला पृथकीकरण तथा व्यवस्थापनः** (१) फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले आफूले उत्पादन गरेको फोहोरमैला अनिवार्य रुपले अनुसूची (१) बमोजिमको फोहोरमैलाको वर्गीकरण अनुरुप (साधारण फोहोरमैलाः जैविक फोहोर, अजैविक फोहोर, अन्य फोहोर र हानिकारक फोहोरमैलाः स्वास्थ्य संस्था जन्य फोहोर, औद्योगिक फोहोर) छुट्टा छुट्टै पृथकीकरण गर्नु पर्नेछ ।

(२) फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले आफूले छुट्टाछुट्टै पृथकीकरण गरी राखेको नियमावलीको अनुसूची (१) बमोजिमको साधारण फोहोरमैला उप-महानगरपालिका वा उप-महानगरपालिकासँग सम्झौता भएको नीजि क्षेत्र तथा सामूदायिक संस्थाका सरसफाई कर्मचारी वा फोहोरमैला संकलन तथा ढुवानी साधन आएपछि जिम्मा लगाउनु पर्नेछ ।

(३) फोहोरमैला उत्पादकले श्रोतको पृथकीकरण नगरेको फोहोरमैलालाई उठाउन उप-महानगरपालिका वा उप-महानगरपालिकासँग सम्झौता भएको निजी क्षेत्र तथा सामुदायिक संस्थाका सरसफाई कर्मचारी बाध्य हुने छैनन् ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थाबाट उत्पादन भएका नियमावलीको अनुसूची (१) बमोजिमका हानिकारक फोहोरमैला (स्वास्थ्य संस्था जन्य फोहोर र औद्योगिक फोहोर) जथाभावी फाल्न वा निष्काशन गर्न पाइने छैन। त्यस्ता फोहोरमैलाको व्यवस्थापनका लागि सुरक्षित तवरले भण्डारण, प्रशोधन र विसर्जन लगायतका सम्पूर्ण कार्यहरुको व्यवस्था सम्बन्धित व्यक्ति, संस्था वा निकाय आफैले गर्नुपर्नेछ । त्यस्ता फोहोरमैलाहरु अन्य फोहोरमैलासँग विसर्जन गर्न पाइने छैन ।

(५) फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले आफ्नो कुनै उद्योग, व्यवसाय, सेवा आदि स्थापनाको बखत तोकिएको सर्त एवं नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

**४. साधारण फोहोरमैलाको निष्कासनः** (१) उप-महानगरपालिकाले उप-महानगर क्षेत्रभित्र नियमावलीको अनुसूची (१) बमोजिमको साधारण फोहोरमैला (जैविक फोहोर, अजैविक फोहोर र अन्य फोहोर) निष्कासनको लागि निश्चित समय, स्थान र तरिका सहितका तालिका निर्धारण गरी लागु गर्नेछ। यस किसिमका तालिका सर्व साधारणको जानकारीको लागि सार्वजनिक गर्न आवश्यक प्रबन्ध मिलाउने छ। साथै यस किसिमको तालिका आवश्यकता र औचित्यको आधारमा समय सापेक्ष हिसाबले परिमार्जन गर्न सक्नेछ ।

(२) उप-महानगरपालिकाले संकलित फोहोरमैला प्रशोधन स्थल लैजान छुट्टै समय, स्थान र तरिका सहितको तालिका निर्धारण गरी लागु गर्न सक्नेछ।

(३) उप-नियम (१) र (२) बमोजिमको तालिका निर्धारण गर्दा फोहोरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(४) उप-नियम (१) र (२) बमोजिमको तालिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसका न्यूनिकरणका उपायहरु समेतलाई ध्यान दिनुपर्नेछ ।

**५. हानिकारक फोहोरमैलाको निष्कासन तथा व्यवस्थापनः** (१) उप-महानगरपालिका क्षेत्रभित्र नियमावलीको अनुसूची (१) बमोजिमको हानिकारक फोहोरमैला (स्वास्थ्य संस्था जन्य फोहोर र औद्योगिक फोहोर) उत्पादन गर्ने कुनै व्यक्ति, संस्था वा निकायले आफूले उत्पादन गरेको हानिकारक फोहोरमैलालाई श्रोतमै पृथकीकरण गरी निर्मलीकरण, प्रशोधन तथा व्यवस्थापन आफैले गर्नुपर्नेछ।

(२) हानिकारक फोहोरमैलालाई अन्य साधारण फोहोरमैलासँग मिसाई निष्काशन गर्न पाइने छैन । त्यस किमिसको फोहोरमैलाको प्रशोधन गरी सामान्य फोहोरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशनको व्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक फोहोरमैला व्यवस्थापन गर्ने दायित्व भएको व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला निर्मलीकरण, प्रशोधन, निष्काशन तथा व्यवस्थापन गर्न उप-महानगरपालिकासँग स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिएपछि फोहोरमैला व्यवस्थापन गर्दा अपनाईने विधि, प्रविधि, मापदण्ड र व्यवस्थापन स्थलको सम्बन्धमा उप-महानगरपालिकालाई जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ ।

(४) उप-महानगरपालिकाले उप-नियम (३) बमोजिमको स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि, प्रविधि, मापदण्ड र व्यवस्थापन स्थल नेपाल सरकारले तोकेको मापदण्ड अनूकुल भएको नभएको एकिन गरी स्वीकृति दिनुपर्नेछ ।

(५) उप-महानगरपालिकाले उप-नियम (३) बमोजिमको स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक फोहोरमैला व्यवस्थापन गर्न लिएको स्वीकृत बमोजिमको विधि, प्रविधि, मापदण्ड र व्यवस्थापन गरे नगरेको अनुगमन गर्नेछ ।

(६) प्रशोधन पश्चातको हानिकारक फोहोरमैला वा साधारण फोहोरमैला उप-महानगरपालिका मार्फत व्यवस्थापन गर्नुपर्ने भएमा वा उप-महानगरपालिकाले सञ्चालन गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्नुपरेमा फोहोरमैला व्यवस्थापनको दायित्व भएको व्यक्ति, संस्था वा निकायले उप-महानगरपालिकाले तोकेको सेवा शुल्क लिई उक्त फोहोरमैला व्यवस्थापन गर्न वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(७) हानिकारक फोहोरमैला र साधारण फोहोरमैला संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्बन गर्नु पर्नेछ ।

(८) हानिकारक फोहोरमैला निर्मलीकरण वा प्रशोधन गर्दा त्यस्तो फोहोरमैलामा रहेका हानिकारक तत्व नष्ट हुने गरी गर्नु पर्नेछ । हानिकारक फोहोरमैला खास गरी स्वास्थ्य संस्थाजन्य र रासायनिक फोहोरमैला पूर्ण रुपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगसालाबाट जाँच गराई प्रमाणित गराउनु पर्नेछ। सामान्य फोहोरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्कासन तथा विसर्जनका व्यवस्था गर्नु पर्नेछ।

(९) हानिकारक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला व्यवस्थापन सम्बन्धमा आफ्नो उद्योग, व्यवसाय वा सेवा आदि स्थापना गर्दाको बखत तोकिएको सर्तहरु, उप-महानगरपालिकाले निर्धारण गरेको मापदण्ड वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

**६. फोहोरमैला संकलन केन्द्र तोक्ने सम्बन्धि मापदण्डः** (१) उप-महानगरपालिका आफ्नो क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला संकलन गर्न ऐनको दफा (७) बमोजिम फोहोरमैला संकलन केन्द्र स्थापना गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिसमा उप-महानगरपालिकाले फोहोरमैला संकलन केन्द्र तोक्न सक्नेछ। आवश्यकताको आधारमा उप-महानगरपालिका क्षेत्रभित्र विभिन्न स्थानमा फोहोरमैला संकलन केन्द्र स्थापना गर्न सकिनेछ।

(२) फोहोरमैला संकलन केन्द्र स्थापनाको लागि जग्गा छनोट गर्दा सामान्यतया देहायका प्रथामिकता तथा मापदण्ड पूरा भएको स्थान हुनुपर्नेछ।

(क) स्थानीय तहमा रहेको खाली जग्गा

(ख) नेपाल सरकारको नाममा रहेको जग्गा (नेपाल सरकारको पूर्व सहमतीमा)

(ग) निजी जग्गा भाडामा वा खरिद गर्नुपर्ने भएमा रित पूर्वक भाडामा वा खरिद गरिएको जग्गा

(घ) ठुलो बाढी, पहिरो भुक्षय, जमिन भासिने जस्ता जोखिम नभएको हुनुपर्ने।

(ङ) प्राकृतिक पानीको श्रोत, सिमसार क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र नभएको हुनुपर्ने।

(च) ऐतिहासिक, धार्मिक, सामाजिक, साँस्कृतिक, पुरातात्विक, वैज्ञानिक वा भौगोलिक हिसाबले महत्वपूर्ण क्षेत्र नभएको हुनुपर्नेछ।

(छ) सिंचाई सुविधा भएको उर्बर भूमि, घना वनजंगल बाहेक हुनुपर्ने।

(ज) न्यून वातावरणीय असर भएको हुनुपर्ने।

(झ) सडक, बिजुली तथा पानीको उचित व्यवस्था भएको हुनुपर्ने।

(ञ) आवश्यकता अनुसार नेपाल सरकारले निर्धारण गरेको अन्य मापदण्ड।

**७. फोहोरमैला ढुवानीः** (१) उप-महानगरपालिका वा उप-महानगरपालिकासँग सम्झौता भएका निजी क्षेत्र तथा सामूदायिक संस्थाहरुले फोहोरमैला ढुवानी गर्दा देहाय बमोजिमका व्यवस्था भएको ढुवानी साधन प्रयोग गर्ने गरी व्यवस्था गर्नुपर्नेछ।

(क) फोहोरमैला नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने।

(ख) फोहोरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने।

(ग) फोहोरमैला सजिलैसँग राख्न र निकाल्न सकिने।

(घ) सडकको क्षमता तथा अवस्थाको अनुकुलन हुने।

(ङ) फोहोरमैला ढुवानी सवारी साधनलाई त्रीपालले छोप्नु पर्ने।

**८. प्लास्टिक तथा प्लास्टिक झोलाको व्यवस्थापन**

(१) प्लास्टिक झोला प्रयोगमा प्रतिबन्ध

(क) जन-स्वास्थ्य र वातावरणीय संरक्षणलाई ध्यानमा राखी ४० माईक्रोनभन्दा कम मोटाइ भएका प्लास्टिक झोलाको उत्पादन, आयात, विक्री/वितरण र प्रयोगमा पूर्णतः प्रतिबन्ध लगाउन सक्नेछ।

(ख) माछा, मासु, चाउमीन, पाउरोटी जस्ता खाद्य पदार्थहरु कम गुणस्तरका प्लास्टिक झोलामा प्याक गरी विक्री गर्न निषेध गर्न सक्नेछ।

(ग) खाद्यपदार्थ तथा जुत्ता, लत्ता कपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भई आएका प्लास्टिक आदि जथाभावी फयाक्न, थुपार्न, जलाउन बस्तीमा फयाक्न पाइने छैन ।

(घ) प्लास्टिक झोलाहरु जून पुनः चक्रण गर्न नसकिने प्रकृतिका हुन्छन् तिनीहरुको प्रयोगमा उप-महानगरपालिकाले पुर्ण रुपमा रोक लगाउन सक्नेछ।

(ङ) कुनै चिज वस्तु प्याकिंग भई आएका प्लास्टिकजन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ।

(च) पुर्नचक्रण गर्न सकिने प्लास्टिकहरु उपभोगकर्ताले आफै विक्रि वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लास्टिकहरु अन्य फोहोरमैलामा नमिसाई उप-महानगरपालिकाले तोकिदिएको स्थानसम्म पुर्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ।

(छ) प्लास्टिकजन्य वस्तुहरु उप-महानगरपालिकाले तोकिदिएको स्थानबाट मात्र पुर्नचक्रणको लागि संकलन गर्न सकिने छ । यसरी संकलन गर्दा उप-महानगरपालिकाले तोकिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सक्नेछ ।

(ज) कुनै पनि प्रकारका प्लास्टिकजन्य वस्तुहरु अन्य फोहोरमैलासँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका,भाँडा वा बोरामा राखी उप-महानगरपालिकाबाट खटिने फोहोरमैला संकलकलाई अन्य फोहोरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्नेछ।

(झ) उपभोक्ताले प्रयोग गरिसकेका प्लास्टिकजन्य वस्तुहरु जस्तै प्लास्टि जन्य वस्तुहरुलाई स्थानीय समुदायका समूहहरु मार्फत सङ्कलन गरी पुनःचक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न उप-महानगरपालिका सघाउन सक्नेछ।

(२) पुनःचक्रण योग्य प्लास्टिकको व्यवस्थापनः पुन प्रयाग गर्न याग्य प्लास्टिकका व्यवस्थापन निम्न वमाजिम गर्न सक्नेछ।

(क) पुनःचक्रण गर्न सकिने प्लास्टिकको भण्डारण र व्यवस्थापन उपभोक्ताको जिम्मेवारी हुनेछ। उप-महानगरपालिकाले तोकिएको स्थानमा मात्र त्यस्ता प्लास्टिकको संकलन गर्न सक्नेछ ।

(ख) उप-महानगरपालिका भित्रका समूहहरूमार्फत प्रयोग गरिसकेको प्लास्टिकका खोल खरिद गरी पुनःचक्रण गराउने व्यवस्था उप-महानगरपालिकाले मिलाउन सक्नेछ ।

(३) फोहोरमैला संकलन र छुट्टयाउने प्रावधानः फोहोरमैला संकलन र छुट्टयाउने प्रावधान निम्न बमोजिम हुनेछ।

(क) प्लास्टिकजन्य फोहरलाई अन्य फोहोरसँग मिसाउन पाइने छैन। यसलाई छुट्टै पोका,भाँडा वा बोरामा राखी उप-महानगरपालिकाको संकलकलाई प्रदान गर्न सक्नेछ ।

(ख) प्लास्टिकजन्य वस्तुहरुको पुनःचक्रणको लागि उप-महानगरपालिकाले तोकिएको शुल्क लिने व्यवस्था गर्न सक्नेछ।

(४) प्लास्टिक झोला प्रतिबन्ध अभियानः प्लास्टिक झोला प्रतिबन्ध अभियान निम्न प्रकार हुनेछ ।

(क) प्लास्टिक झोलाभन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोज्ने र प्लास्टिक झोला विस्थापित गर्न स्थानीय स्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण गर्ने व्यवस्था गर्न सक्नेछ।

(ख) फोहोरमैला व्यवस्थापन तथा प्लास्टिक झोला प्रतिबन्ध सम्बन्धि हरेक टोलहरुमा विभिन्न बैठक, भेला एवम् अन्तरकृया, अभिमुखिकरण कार्यक्रम आयोजना गरि सचेतना कार्यक्रम संचालन गर्न सक्नेछ ।

(ग) हरेक घरधुरीहरुमा प्लास्टिक झोलाको विकल्पमा एउटा कपडाको झोला प्रदान गर्न सक्नेछ ।

(घ) फोहोर उत्पादनलाई "न्यूनिकरण, पुनः प्रयोग र पुनः चक्रण" कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रमका साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्नु पर्नेछ ।

(ङ) प्लास्टिक झोला नियन्त्रण सम्बन्धि कार्ययोजनालाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्न सक्नेछ।

(च) प्लास्टिक झोला नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि बार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था मिलाउन सक्नेछ।

(छ) कार्यक्रमको सम्बन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउन सक्नेछ।

(ज) प्लास्टिक झोला विस्थापन गर्ने अर्गानिक (कपडा, कागज वा अन्य) झोला उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई उप-महानगरपालिकामा लाग्ने विभिन्न दस्तुरमा समेत छुट दिने व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धि व्यवस्था

**९. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको निर्माणः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण गर्न सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनले प्रस्ताव गरेका आवश्यक डिजाईन, प्रविधि, संरचना बाहेक देहाय बमोजिमको सेवा सुविधा भएको हुनुपर्नेछ।

(क) पहुँच मार्ग।

(ख) मूल गेट।

(ग) सुरक्षा गार्ड बस्ने घर।

(घ) धर्मकाटा।

(ङ) प्रशासनिक भवन।

(च) नगदी काउन्टर।

(छ) पर्खाल वा घेराबार, मध्यवर्ति क्षेत्रमा हरियाली प्रवर्धन गर्नुपर्ने।

(ज) कम्पोष्ट सुविधा।

(झ) लिचेट व्यवस्थापन।

(ञ) ल्याण्डफिल ग्याँस नियन्त्रणको व्यवस्था।

(ट) सतह पानी नियन्त्रणको व्यवस्था।

(ठ) भूमिगत पानी नियन्त्रणको व्यवस्थापन।

(ड) ग्यारेज तथा सवारी साधन धुने स्थान।

(ढ) प्राथमिक स्वास्थ्य केन्द्र।

(ण) अग्नि नियन्त्रणको व्यवस्था।

(त) विद्युत लाइन र जेनेरेटर।

(थ) पार्किङ्ग स्थल तथा आराम स्थल।

(द) चमेना गृह।

(ध) टेलिफोन, विद्युत, स्वच्छ पिउने पानी।

(न) शौचालय तथा स्नान गृह (महिला र पुरुष)।

(३) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनको फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माणको लागि प्रयोग गरिएको ल्यान्डफिल साइटको (Landfill Site) जग्गाको मापदण्ड देहाय बमोजिमको हुनुपर्नेछः

(क) जग्गाको न्यूनतम क्षेत्रफल २ देखि १५ विघा हुनुपर्ने।

(ख) घना मानव वस्ती देखि न्यूनतम ४.३ किलोमिटर दुरी हुनुपर्ने।

(ग) विमानस्थलबाट न्यूनतम ३ किलोमिटर दुरी हुनुपर्ने।

(४) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण तथा संचालन पूर्व प्रचलित वातावरण संरक्षण सम्बन्धि कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने आवश्यक भएमा सोही अनुरुप वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा स्वीकृति गराउनु पर्नेछ।

**१०. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालनः** (१) उप-महानगरपालिकाले वा उप-महानगरपालिकासँग सम्झौता भएको निजी क्षेत्र तथा सामूदायिक संस्थाहरुले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालन गर्दा देहायका कुराहरु अवलम्वन गर्ने गरी गर्नुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्यास र दुर्गन्ध लगायतका कारणबाट त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु।

(ख) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको भौगोलिक अवस्थामा आउन सक्ने परिवर्तन र त्यसको व्यवस्थापनका उपायहरु।

(ग) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल वरिपरिको जनजीवनमा पर्न सक्ने आर्थिक, सामाजिक, भौतिक तथा जैविक प्रभाव र त्यसको व्यवस्थापनका उपायहरु।

(घ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल संचालनबाट उत्पन्न हुने अवसर र त्यसको सदुपयोग सम्बन्धि व्यवस्था।

(ङ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल संचालनका समयमा सो स्थानमा आवतजावत बन्द गर्नुपर्ने र सो सम्बन्धमा अपनाउनु पर्ने सचेतना सम्बन्धि विषय।

(च) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालनका समयमा स्थानमा काम गर्ने सरसफाई कर्मी, प्राविधिक वा अन्य कर्मचारीहरुले अनिवार्य रुपले ड्रेस र अन्य व्यक्तिगत सुरक्षा सामग्री जस्तैः मास्क, पञ्जा, टोपी बुट, चस्मा आदिको प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलमा प्राथमिक स्वास्थ्य सामग्री, अग्नी नियन्त्रण सामाग्रीहरुको प्रयोग सम्बन्धी सबै कर्मचारीहरुलाई नियमित रुपमा तालिम तथा अभिमुखीकरणको व्यवस्थापन मिलाउनु पर्नेछ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको प्रकृति, प्रविधि र उपलब्ध सेवाहरुको विस्तृत अध्ययन गरी त्यस्तो स्थान विशेषको उचित व्यवस्थापन तथा सञ्चालनको लागि आवश्यक निर्देशिका जारी गरी लागू गर्न सकिनेछ।

**११. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चातको व्यवस्थापनः**(१) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलमा फोहोरमैला विसर्जन गर्ने कार्य बन्द भए पश्चात् सो स्थलबाट निस्कने लिचेट, ग्याँस र दुर्गन्ध लगायतले उक्त क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र त्यसको न्यूनिकरणका उपायहरु अवलम्वन गर्ने,

(ख) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात निस्कने ग्यासको उपयोग तथा व्यवस्थापन सम्बन्धी उपायहरु अवलम्वन गर्ने,

(ग) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात् सो क्षेत्रको पुनः प्रयोगको सम्भवाना, पुनः प्रयोग गर्दा अवलम्वन गर्नुपर्ने विधि तथा उपायहरु अवलम्वन गर्ने,

(घ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात् सो स्थल वरिपरिको प्रभावित क्षेत्रको व्यवस्थापनको उपायहरु अवलम्वन गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात निश्चित समयसम्म सो स्थलमा सर्वसाधनको आवतजावत बन्द गर्न सचेतना सम्बन्धि विषयहरु अवलम्वन गर्ने,

(च) फोहोरमैला व्यवस्थापन प्रशोधन स्थल निर्माण तथा संचालन गर्दा प्रचलित वातावरण संरक्षण सम्बन्धि कानून बमोजिम वातावरणीय अध्ययन गरिएका भएमा, उक्त वातावरणीय अध्ययन प्रतिवेदनले दिएको सुझावहरुको अवलम्वन गर्ने।

**१२. वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेः** (१) उप-महानगरपालिकाले वा उप-महानगरपालिकासँग सम्झौता भएका निजी क्षेत्र तथा सामूदायिक संस्थाहरुले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल सञ्चालन कार्यको अनुगमन गर्दा देहायका कुराहरु भएको अवस्थामा उप-महानगरपालिका स्तरीय अनुगमन संयन्त्रले सो स्थानलाई वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न फोहोरमैला व्यवस्थापन बोर्डलाई सिफारिस गर्न सक्नेछ।

(क) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्याँस र दुर्गन्ध लगायतका कारणबाट त्यस क्षेत्रको वातावरण तथा जनजीवनमा प्रतिकूल प्रभाव पर्न गएमा,

(ख) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल सञ्चालन गर्दा वरिपरिको भू-बनोट, कृषि प्रणाली, जलाधार, वनजंगल, प्राकृतिक सौन्दर्यतामा प्रतिकूल प्रभाव पर्न गएमा,

(ग) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल सञ्चालन गर्दा वरिपरिका जनस्वास्थ्य, कृषि प्रणाली वा पारिस्थितिक प्रणालीमा प्रतिकूल असर पर्नेगरी फोहोरमैलाका कारण कुनै किरा फट्यांग्रा, अभयचर, रोग-ब्याधी वा महामारीको अवस्था हुन गएमा।

(२) उप-नियम (१) बमोजिम वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गरिएको अवस्थामा त्यस क्षेत्रको संरक्षण र पुनरुत्थानका लागि सो क्षेत्रमा पशुपंक्षी, जीवजन्तु, तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउन, माटो, ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्यमा तत्काल रोक लगाउनु पर्नेछ।

(३) उप-नियम (१) बमोजिम वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषण गरिएको अवस्थामा त्यस क्षेत्रमा संरक्षण र पुनरुत्थानका लागि फोहोरमैला व्यवस्थापन बोर्डले नीति तथा कार्यक्रम तयार गरी नेपालगन्ज उप-महानगर कार्यपालिकाको कार्यालयलाई कार्यान्वयनका लागि पेश गर्नुपर्नेछ।

## परिच्छेद-४

## फोहोरमैला व्यवस्थापनको नीजि तथा सामूदायिक क्षेत्रको संलग्नता सम्बन्धित व्यवस्था

**१३. अनुमतिपत्रका लागि निवेदन दिनेः** (१) फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले अनुसूचि (२) बमोजिमको ढाँचामा आवश्यक कागजात तथा उप-महानगरपालिकाले तोकेको दस्तुर संलग्न गरी ऐनको दफा १२ को उपदफा (२) मा उल्लेखित विवरणका अतिरिक्त देहायका विवरण खुलाई उप-महानगरपालिकामा अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेछ ।

(क) फोहोरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक श्रोत, जनशक्ति, फोहोरमैला संकलन तथा ढुवानी साधन, कार्य अनुभवको विवरण,

(ख) फोहोरमैला व्यवस्थापन गर्न चाहेको कार्यक्षेत्र,

(ग) फोहोरमैला संकलन, ढुवानी साधन, प्रशोधन र अन्तिम विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्थापन,

(घ) फोहोरमैला व्यवस्थापन गर्ने विधि र तरिका,

(ङ) संस्थागत सामाजिक उत्तरदायित्व पुरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था,

(च) फोहोरमैला व्यवस्थापन गर्न चाहेको समय र अवधि,

(छ) फोहोरमैला व्यवस्थापनबाट वातावरणमा पर्न सक्ने प्रभाव न्यूनिकरणका उपायहरु,

(ज) फोहोरमैला उत्पादकले बहन गर्नुपर्ने दायित्व र तिर्नुपर्ने शुल्क,

(झ) निवेदकले उप-महानगरपालिकालाई बुझाउनु प्रस्ताव गरेको रकम,

(ञ) वातावरण अध्ययन प्रतिवेदन।

(२) उप-नियम (१) बमोजिम निवेदन दिँदा फोहोरमैला व्यवस्थापन व्यवसायिक रुपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखी सामुदायिक वा सामाजिक रुपमा गर्ने हो सो कुरा स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(३) वैदेशिक संस्थाको हकमा अन्य प्रचलित कानून बमोजिमको आवश्यक पर्ने प्रक्रिया पुरा गर्नु पर्ने छ।

**१४. अनुमतिपत्र दिन सक्नेः** (१) नियम १३ बमोजिमको निवेदनसाथ प्राप्न हुन आएको कागजात तथा विवरण उपर उप-महानगरपालिकाले आवश्यक छानविन गर्नेछ।

(२) उप-नियम (१) बमोजिम प्राप्त कागजात तथा विवरण उपर छानविन गर्दा आवश्यक कागजात तथा विवरण पेश नगरेको पाइएमा त्यस्तो कागजात तथा विवरण पेश गर्न सम्बन्धित निवेदकलाई १५ (पन्ध्र) दिनको म्याद तोकी निवेदन परेको मितिले ७ (सात) दिन भित्र सूचना दिनुपर्नेछ ।

(३) उप-नियम (२) बमोजिम कुनै कागजात तथा विवरण पेश गर्न उप-महानगरपालिकाले म्याद तोकी सूचना दिएकोमा त्यस्तो कागजात प्राप्त भएपछि उप-महानगरपालिकाले आवश्यक छानविन गरी स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा उप-महानगरपालिकाले निर्धारण गरेको शुल्क लिई अनुसुची (२) बमोजिमको ढाँचामा ३० (तीस) दिन भित्र निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(४) निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त नहुने देखिएमा कारण सहित ७ (सात) दिन भित्र सोको जानकारी दिनुपर्नेछ।

(५) उप-महानगरपालिकाले अनुमतिपत्र दिँदा व्यवसायिक र गैर व्यवसायिक रुपमा फोहोरमैला व्यवस्थापन गर्न छुट्टाछुट्टै अनुमतिपत्रको व्यवस्था गर्न सक्नेछ।

(६) अनुमतिपत्रको अवधि ५ (पाँच) वर्षको हुनेछ।त्यसपछि प्रत्येक ३ (तिन) वर्षमा नविकरण गर्नु पर्ने छ।

**१५. अनुमतिपत्र बदर गर्न सक्नेः** (१) उप-महानगरपालिकाले दफा १४ बमोजिम दिएको अनुमतिपत्र देहायको अवस्थामा बदर गर्न सक्नेछ ।

(क) अनुमतिपत्रमा उल्लेखित शर्त उल्लंघन गरेमा,

(ख) तोकिएको मापदण्ड बमोजिम फोहोरमैला व्यवस्थापन नगरेमा,

(ग) प्रचलित वातावरण संरक्षण सम्बन्धि कानूनहरुको उल्लंघन गरेमा,

(घ) तोकिएको समयभित्र नविकरण नगरेमा।

**१६. अनुमतिपत्रको नविकरणः** (१) नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा ६ महिना अगावै उप-महानगरपालिकाले तोके बमोजिमको दस्तुर संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा अनुमतिपत्र नविकरणका लागि उप-महानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उप-नियम (१) बमोजिम पेश हुन आएको निवेदन सम्बन्धमा उप-महानगरपालिकाले म्याद सकिनु भन्दा ३ (तीन) महिना अगावै निर्णय गरिसक्नुपर्नेछ ।

(३) उप-नियम (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी उप-महानगरपालिकाले अनुमतिपत्रको नविकरण गर्न सक्नेछ ।

(४) उप-नियम (१) बमोजिमको अवधि भित्र अनुमतिपत्र नविकरण नगराएमा वा अनुमतिपत्र नविकरण नहुने भएमा सो अनुमतिपत्र म्याद सकिएको मितिबाट बदर भएको मानिनेछ । अनुमतिपत्र नविकरण नहुने अवस्थामा उप-महानगरपालिको म्याद सकिनुभन्दा ३ (तीन) महिना अगावै फोहोरमैला व्यवस्थापनको लागि अनुमतिपत्र सम्बन्धि आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ।

**१७. फोहोरमैला व्यवस्थापनमा निजी तथा संस्थागत सहभागिताः** (१) ऐनको दफा (१४) को उपदफा ५ को प्रयोजनका लागि उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनका विभिन्न चरणहरुमा- श्रोतमै छुट्याउने, न्यूनिकरण गर्ने, पुनः प्रयोग तथा पुनःचक्रण गर्ने- सम्बन्धी कार्यमा निजी कम्पनी, संस्था तथा निकायलाई सशक्त बनाउन सक्नेछ। साथै, जनचेतना अभिवृद्धि गर्न सामुदायिक तथा गैर-सरकारी संस्थाहरूलाई परिचालन गर्न सकिनेछ।

(२) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनमा संलग्न हुन इच्छुक सामुदायिक तथा गैर-सरकारी संस्थाहरूको सूची तयार गर्नु पर्नेछ।

(३) सामुदायिक तथा गैर-सरकारी संस्थाहरूको सूची तयार गरी तिनीहरूलाई परिचालन गर्ने प्रक्रिया प्रचलित कानूनबमोजिम हुनेछ।

**१८. मापदण्डको पालनाः** (१) फोहोरमैला व्यवस्थापन वा प्रशोधन स्थल सञ्चालन गर्न उप-महानगरपालिकाबाट स्वीकृति प्राप्त गरेको निजी क्षेत्रले उप-महानगरपालिकाले तोकेको मापदण्ड तथा स्वीकृती दिँदाका सर्तहरुका अधिनमा रही कार्य गर्नु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम स्वीकृति प्राप्त निजी क्षेत्रले उप-महानगरपालिकाले तोकेको मापदण्ड तथा निर्देशिका पालना नगरेमा उप-महानगरपालिकाले देहाय बमोजिमको प्रक्रिया पूरा गरी स्वीकृत बदर गर्न सक्नेछ।

(क) उप-महानगरपालिकाले स्वीकृति प्राप्त नीजि क्षेत्रको फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यको अनुगमन गर्दा उप-महानगरपालिकाले तोकेको मापदण्ड र निर्देशिकाको पालना नगरेको पाइएमा त्यस्तो निजी क्षेत्रलाई पहिलो पटकको लागि ९० (नब्बे) दिनसम्मको सुधार गर्ने म्याद दिन निर्देशन गर्ने।

(ख) निजी क्षेत्रले खण्ड (क) बमोजिमको निर्देशन बमोजिम आंशिक सुधार गरी समय नपुग भएको भनी उप-महानगरपालिकासँग समय थप्न माग गरेमा उप-महानगरपालिकाले बढिमा ६० (साठी) दिन सम्मको सुधार गर्ने म्याद दिन समय थप गर्न सक्ने।

(ग) खण्ड (क) बमोजिमको अवधिभित्र उप-महानगरपालिकाले दिएको निर्देशन बमोजिम सम्बन्धित निजी क्षेत्रले सुधार नगरेमा त्यस्तो निजी क्षेत्रले पाएको स्वीकृति बदर गर्न सक्ने।

(घ) उप-महानगरपालिकाले खण्ड (ग) बमोजिम स्वीकृति बदर गरेको जानकारी सम्बन्धित निजी क्षेत्र र सरोकारवाला समेतलाई दिनु पर्नेछ।

(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र सञ्चालन सम्बन्धि स्वीकृति बदर भएको कारणले स्वीकृति प्राप्त निजी क्षेत्रले सो स्वीकृति बमोजिम काम नगरेको कारणले कसैलाई हानी नोक्सानी भएको पाइएमा त्यस्तो हानी नोक्सानी स्वीकृति प्राप्त निजी क्षेत्रले व्यहोर्नु पर्नेछ र त्यस्तो निजी क्षेत्रले उप-महानगरपालिकालाई बुझाउनुपर्ने रकम बाँकी रहेको भए सो रकम समेत उप-महानगरपालिकाले बाँकी रकम सरह असूल उपर गर्नेछ ।

## परिच्छेद-५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धि व्यवस्था

**१९. सेवा शुल्क निर्धारण सम्बन्धि व्यवस्थाः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा शुल्क निर्धारण ऐनको दफा १७ को उपदफा (२) मा उल्लेखित कुराहरुको अतिरिक्त देहायका आधारमा गर्नुपर्नेछ।

(क) फोहोरमैला उपत्पादनको उत्पादन श्रोतमा नै अबलम्वन गरेको प्रविधि, विधि र प्रक्रिया,

(ख) फोहोरमैला उत्पादकले निष्कासन गर्ने फोहोरमैलाको आकार, प्रकार र किसिम,

(ग) फोहोरमैला व्यवस्थापनमा लाग्ने अनुमानित खर्च,

(२) उप-महानगरपालिकाले निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थाहरुसँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य गरेकोमा त्यस्तो निजी, क्षेत्र, सामुदायिक एवम् गैर सरकारी संघ-संस्थाले उठाउन पाउने सेवा शुल्क उप-नियम (१) बमोजिमका आधारमा निर्धारण गर्नुपर्नेछ।

## परिच्छेद-६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धि व्यवस्था

**२०. अनुगमन सम्बन्धमाः** (१) ऐनको दफा २० को उपदफा (५) को प्रयोजनका लागि फोहोरमैलाको पृथकीकरण, ढुवानी, प्रशोधन, निष्काशन तथा अन्तिम विसर्जनको सम्बन्धमा अनुगमन गर्न प्राविधिक सहितको तपसिल बमोजिम छुट्टा छुट्टै वडा स्तरीय र उप-महानगरपालिका स्तरीय संयन्त्र गठन गर्न सकिनेछ।

(२) उप-नियम (१) बमोजिम सम्बन्धित वडा स्तरीय अनुगमन संयन्त्र तपसिल बमोजिम रहनेछ।

(क) वडा अध्यक्ष —संयोजक

(ख) वडा समिति सदस्यहरूबाट वडा समितिले चयन गरेका एक जना महिला सहित दुई जना —सदस्य

(ग) वडा स्तरमा रहेको स्वास्थ्य संस्थाहरु मध्येबाट वडा समितिले मनोनित गरेको अधिकृत प्रतिनिधि —सदस्य

(घ) वडामा सक्रिय टोल विकास समितिहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(ङ) सम्बन्धित वडाका वडा सचिव १ जना—सदस्य सचिव

(३) उप-नियम (१) बमोजिम उप-महानगरपालिका स्तरीय अनुगमन संयन्त्र तपसिल बमोजिम रहने छ ।

(क) उप-महानगरपालिकाका उप-प्रमुख—संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(ग) उप-महानगरपालिका स्तरमा रहेको स्वास्थ्य संस्थाहरु मध्ये नगर कार्यपालिकाले मनोनित अधिकृत प्रतिनिधि —सदस्य

(घ) स्थानीय व्यवसायिहरुको प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधि मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(ङ) स्थानीय स्तरमा रहेको सामाजिक संघ संस्थाहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(च) फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, वातावरण संरक्षण सम्बन्धि संस्थाहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(छ) फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख वा सो संग सम्बन्धित शाखा हेर्ने प्रमुख १ जना—सदस्य सचिव

(४) उप-नियम (२) र (३) बमोजिम गठन भएका अनुगमन संयन्त्रहरुले अनुगमनका सिलसिलामा आवश्यकता अनुसार विषय विशेषज्ञलाई अनुगमन संयन्त्रहरुले अनुगमनमा संलग्न गराउन सक्नेछन् ।

(५) उप-नियम (२) र (३) बमोजिम गठन भएका अनुगमन संयन्त्रहरुले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछन्।

(६) उप-नियम (२) र (३) बमोजिम गठन भएको अनुगमन संयन्त्रहरुले फोहोरमैला व्यवस्थापना गर्ने सम्बन्धमा देहायका विषयमा अनुगमन गर्न सक्नेछन।

(क) फोहोरमैला श्रोत मै घटाउने उपायहरु तथा प्रविधिको प्रयोग/ अवलम्बन गरे नगरेको,

(ख) फोहोरमैलाको न्यूनिकरणका लागि फोहोरमैलाको पुनः प्रयोग तथा पुनः चक्रिय प्रयोग सम्बन्धी उप-महानगरपालिकाले तोकेको विधि अबलवम्न भए नभएको,

(ग) फोहोरमैलालाई श्रोतमै छुट्याए, नछुट्याएको र छुट्याएको फोहोरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निष्कासन गरे नगरेको,

(घ) फोहोरमैला व्यवस्थापन सम्बन्धमा उप-महानगरपालिकाबाट तोकिएका कुराहरुको पालना भए नभएको।

## २१. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार

(क) यस नियमावली बमोजिम प्लाष्टिक झोलाको विक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(ख) यस नियमावली विपरीत प्लाष्टिक झोलाको विक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिवाट प्लाष्टिक झोला जफत गर्ने ।

(ग) प्लाष्टिक झोलाको बिक्री वितरण प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

(घ) वडा अनुगमन समितिले प्लाष्टिक झोला प्रतिबन्धका साथै फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यमा नगर अनुगमन वा स्वास्थ्य तथा फोहरमैला व्यवस्थापन समिति संग समन्वय र सहकार्य गर्नेछ।

(ङ) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने ।

(च) (3R) फोहोरको पुनः प्रयोग, न्यूनिकरण र उत्पादन, खपत प्रक्रिया तथा पुनःचक्रणका कार्यलाई प्रोत्साहन गर्न, आवश्यकता अनुसार सुविधा तथा पुरस्कार प्रदान गर्न सिफारीस गर्ने ।

(छ) खण्ड (ख) बमोजिम जफत भएका प्लाष्टिक झोलाको मुचुल्का वनाई वातावरण मैत्री हुने गरी उपलब्ध प्रविधी अनुरुप नष्ट गर्ने गराउने ।

(ज) जफत भएका प्लाष्टिक झोला नष्ट गर्दा लाग्ने खर्चमा २५ प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने ।

(झ) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

(ञ) प्लास्टिक झोला नियन्त्रण सम्बन्धि उप-महानगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने।

**२२. गुनासो व्यवस्थापन सम्बन्धिः** (१) गुनासो व्यवस्थापनका लागि उप-महानगरपलिकाले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई दिने व्यवस्था गर्नुपर्नेछ।

(२) फोहोरमैला व्यवस्थापन इकाई कार्यालयले सम्पादन गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितता, वातावरण तथा समाजमा पर्न गएका नकारात्मक प्रभावको सम्बन्धमा गुनासो लिखित रुपमा राख्न सक्ने गरी सबैले देख्ने ठाउँमा गुनासो पेटिकामा राख्नुपर्नेछ।

(३) उप-नियम (२) बमोजिम राखिएको गुनासो पेटिकामा जोसुकैले गुनासो राख्न सक्नेछ । गुनासो प्रस्तुतकर्ताले चाहेमा यस दफा बमोजिमको गुनासो सोझै कार्यपालिकाको कार्यालयमा पेश गर्न सक्ने व्यवस्था पनि गर्नुपर्नेछ।

(४) उप-नियम (३) बमोजिम कुनै गुनासो प्राप्त हुन आएमा उप-महानगरपालिकाले १० (दश) दिन भित्र आवश्यक कारवाही गर्नुपर्नेछ।

(५) उप-नियम (४) बमोजिम गरिएको कारवाहीको जानकारी सम्बन्धित गुनासो प्रस्तुतकर्तालाई दिनुपर्नेछ।

(६) गुनासो प्रस्तुतकर्तालाई उप-नियम (४) बमोजिम गरिएको कारवाहीमा चित्त नबुझेको अवस्थामा प्रचलित कानून बमोजिम पुनरावलोकनको लागि उजुरी गर्न सक्नेछन्।

### परिच्छेद-७

## <u>लैङ्गिक समानता र सामाजिक समावेशीकरण</u>

### २३. अनौपचारिक फोहोर संकलक

#### (१) पहिचान र दर्ता

(क) अनौपचारिक फोहोर संकलकहरूको आवश्यक परेमा विवरण संकलन गर्ने, अभिलेखीकरण गर्ने, र प्रमाणपत्र प्रदान गर्ने कार्य गर्न सकिनेछ।

(ख) आवश्यक परेमा वडा तहमा दर्ता फाराम वितरण, अभिमुखीकरण कार्यक्रम सञ्चालन, र नियमित अद्यावधिकको व्यवस्था गर्न सकिनेछ।

#### (२) सामाजिक सुरक्षा

(क) आवश्यक परेमा न्यूनतम ज्यालाको कार्यान्वयन गर्न नगरपालिका तहमा न्यूनतम ज्याला निर्धारण समिति गठन गर्न सकिनेछ।

(ख) आवश्यकता अनुसार स्वास्थ्य बीमा कार्यक्रममा अनौपचारिक श्रमिकलाई समावेश गराउने प्रयोजनका लागि बीमा कम्पनीहरूसँग सहकार्य गर्न सकिनेछ।

(ग) आवश्यक परेमा श्रमिकको मान्यता सुनिश्चित गर्न कार्य स्वीकृति प्रमाणपत्र वितरण गर्न सकिनेछ।

#### (३) सीप विकास कार्यक्रम

(क) आवश्यक परेमा अनौपचारिक फोहोर संकलक र उनीहरूको परिवारका लागि वार्षिक तालिका अनुसार सीप तालिम ( जस्तैः प्लास्टिक वर्गीकरण, कम्पोस्ट बनाउने तरिका, सुरक्षात्मक प्रविधि ) सञ्चालन गर्न सकिनेछ। तालिम पश्चात सर्टिफिकेट प्रदान गरिने र दक्ष श्रमिकहरूको तथ्यांक संकलन गर्न सकिनेछ।

### २४. व्यावसायिक स्वास्थ्य र सुरक्षा

**(१) सुरक्षाका न्यूनतम मानकहरू:**

(क) प्रचलित कानून अनुसार सुरक्षात्मक सामग्री खरिदका लागि बजेट व्यवस्था गर्न सकिनेछ।

(ख) प्रत्येक श्रमिकलाई मासिक रूपमा आवश्यक सुरक्षा सामग्री वितरण गर्न सकिनेछ।

**(२) स्वास्थ्य परीक्षण:**

(क) प्रत्येक छ महिनामा एकपटक श्रमिकहरूको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ख) परीक्षण प्रतिवेदन अभिलेख राखिने र आवश्यक स्वास्थ्य सल्लाह दिन सकिनेछ।

**(३) सुरक्षा तालिम:**

(क) हरेक तीन महिनामा फोहोर व्यवस्थापनका खतराहरूबारे तालिम दिइनेछ।

(ख) आपतकालीन तयारी अभ्यास (mock drill) गरिनेछ।

**(४) स्वास्थ्य बीमा:**

(क) आवश्यक परेमा बीमा योजनाका लागि सहुलियत दरमा सामूहिक बीमा प्रक्रिया अघि बढाइनेछ।

(ख) आवश्यक परेमा आकस्मिक उपचारका लागि नगरपालिका तहमा विशेष राहत कोष स्थापना गरिनेछ।

**२५. सःशुल्क असमानता**

**(१) समान ज्यालाको सिद्धान्त:**

(क) श्रम मूल्याङ्कन मापदण्ड बनाइ समान ज्यालाको कार्यान्वयन सुनिश्चित गरिनेछ।

(ख) ज्याला विवरण खुला रूपमा सार्वजनिक सूचना मार्फत प्रकाशित गरिनेछ।

**(२) मूल्याङ्कन प्रणाली:**

(क) श्रमिकको दक्षता परीक्षणको आधारमा वर्गीकरण गरी ज्याला निर्धारण गरिनेछ।

(ख) दक्षता अभिवृद्धिका लागि आवश्यक परेमा सीप तालिम उपलब्ध गराइनेछ।

**(३) निरीक्षण र निगरानीः**

(क) आवश्यक परेमा श्रम निरीक्षण समितिको गठन समेत गर्न सकिनेछ, जसले तलबसम्बन्धी गुनासो सुन्नेछ। सो समितिले त्रैमासिक रूपमा निरीक्षण प्रतिवेदन तयार गर्नेछ।

**२६. समुदायमा सचेतना**

**(१ ) सचेतना कार्यक्रमः**

(क) प्रत्येक टोलमा विभिन्न संस्थासंग मिलेर बृहत् जनचेतना अभियान सञ्चालन (नाटक, भित्ते चित्र, पोस्टर, सामुदायिक रेडियो) गर्न सकिनेछ।

(ख) विद्यालय र आमसभा मार्फत विभिन्न संस्थासंग सहकार्य गरी पुनः प्रयोग र रिसाइक्लिङबारे जानकारी गराउन सकिनेछ।

**(२) सहयोग संरचनाः**

(क) आवश्यक परेमा विपन्न वर्गका युवालाई फोहोर संकलन र वर्गीकरण कार्यमा संलग्न गराउने रोजगारी कार्यक्रम सञ्चालन गराउने प्रयास गर्न सकिनेछ।

## परिच्छेद-८

## चक्रिय अर्थतन्त्र

**२७. चक्रिय अर्थतन्त्र अन्तर्गत फोहर व्यवस्थापन प्रक्रियाः**

**(१) फोहर छुट्याउने व्यवस्थाः**

(क) स्रोतमै फोहर छुट्याउनेः प्रत्येक घर, पसल तथा कार्यालयमा जैविक, अजैविक र पुनः प्रयोग गर्न मिल्ने फोहरका लागि छुट्टाछुट्टै डस्टबिन राख्न अनिवार्य गरिनेछ।

(ख) अनुगमन टोली गठनः वडास्तरमा स्वच्छता स्वयंसेवक वा अनुगमन टोली गठन गरिनेछ, जसले फोहरको उचित छुट्याउने कार्यान्वयनको निरन्तर अनुगमन गर्नेछ।

(ग) घर-घर संकलन व्यवस्थाः प्रत्येक घरबाट फोहर संकलन गर्दा छुट्याइएको फोहरलाई फरक गाडी वा फरक डिब्बामा राखी व्यवस्थापन गरिनेछ।

**(२) पुनः प्रयोग र पुनः निर्माणः**

(क) संझौता मार्फत फोहर संकलनः स्थानीय गैरसरकारी संस्था वा निजी क्षेत्रका प्रतिनिधिहरू (जस्तै कबाडी व्यवसायी, रिसाइकल कम्पनीहरू)सँग सम्झौता गरी पुनः प्रयोग गर्न मिल्ने वस्तुहरू (जस्तै प्लास्टिक, कागज, फलाम, बोतल आदि) संकलन गर्न सकिनेछ।

(ख) रीसाइकल केन्द्र स्थापनाः नगर क्षेत्रमा रीसाइकल केन्द्र वा हरित केन्द्र स्थापना गर्न सकिनेछ, जहाँ नागरिकहरूले पुनः प्रयोगयोग्य सामग्री बुझाउन सक्ने व्यवस्था गर्न सकिनेछ।

**(३) कम्पोस्टिङ व्यवस्थाः**

(क) घरमै कम्पोस्ट उत्पादनः जैविक फोहर (जस्तै तरकारीका बोक्रा, खाना बाँकी, झारपात आदि)लाई घरमै कम्पोस्ट गर्न सकिने कम्पोस्ट बिनहरू वितरण गर्न सकिनेछ।

(ख) सामुदायिक कम्पोस्ट युनिट स्थापनाः विद्यालय, टोल विकास संस्था वा सामुदायिक केन्द्रहरूमा साझा कम्पोस्ट युनिटहरू स्थापना गर्न सकिनेछ।

(ग) कम्पोस्ट वितरणः तयार भएको कम्पोस्ट स्थानीय कृषकहरूलाई निःशुल्क वा न्यूनतम मूल्यमा उपलब्ध गराइने व्यवस्था गर्न सकिनेछ।

**२८. चक्रिय अर्थतन्त्र प्रवर्द्धनका लागि संस्थागत संरचना**

**(१) समावेशी समिति स्थापनाः**

(क) उप-महानगरपालिकाको नेतृत्वमा फोहोर व्यवस्थापन शाखा, सरोकारवाला संस्था, बासिन्दा प्रतिनिधि, विद्यालय प्रतिनिधि, महिला समूह लगायतको सहभागितामा एक समावेशी समन्वय समिति गठन गर्न सक्नेछ।

(ख) समितिको कार्यक्षेत्रः उक्त समितिले फोहोर व्यवस्थापन सम्बन्धी नीति निर्माण, कार्यान्वयन अनुगमन, बजेट विनियोजन तथा सार्वजनिक सल्लाह र सुझाव संकलनका कार्यहरू सञ्चालन गर्न सक्नेछ।

**(२) जनचेतना अभिवृद्धि कार्यक्रमहरूः**

(क) विद्यालयमा चक्रिय अर्थतन्त्र तथा फोहोर व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धिका लागि पोस्टर, निबन्ध प्रतियोगिता, नाटक आदि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ख) विद्यार्थीहरूलाई "पर्यावरणीय दूत" घोषणा गरिनेछ र उनीहरूलाई टोलस्तरमा फोहोर छुट्याउने कार्यमा नेतृत्व दिन प्रोत्साहित गरिनेछ।

**(३) सार्वजनिक सचेतना कार्यक्रमहरू:**

(क) बजार, मेला, सामुदायिक भवनहरूमा विभिन्न जनचेतना अभिमुखी कार्यक्रमहरू जस्तै क्याम्पेन, पेन्टिङ कार्यक्रम, प्रदर्शनी स्टल र अन्य सिर्जनात्मक गतिविधिहरू सञ्चालन गर्न सक्नेछ।

(ख) नागरिक सहभागिता अभिवृद्धिका लागि स्वच्छ वडा प्रतियोगिता जस्ता प्रतिस्पर्धात्मक कार्यक्रमहरू आयोजना गरिनेछ र उत्कृष्ट प्रदर्शनकर्तालाई पुरस्कार प्रदान गरिनेछ।

## परिच्छेद -९

## विविध

**२९. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** उप-महानगरपालिकाको कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**३०. यसै नियमावली अनुसार हुने:** यस नियमावलीमा उल्लेख गरिएको व्यवस्थापनहरु यसै नियमावली अनुसार हुनेछ । यस नियमावलीमा उल्लेख गरिएको व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा उल्लेख भएका व्यवस्था नै लागू हुनेछन् ।

**३१. कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्ने:** ऐन तथा यस नियमावलीको कार्यान्वयन गर्न उप-महानगर कार्यपालिकाले आवश्यक कार्यविधी, मापदण्ड र निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**३२. व्याख्या गर्ने अधिकार:** यस नियमावलीको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा उप-महानगर कार्यपालिकालाई त्यस्तो द्विविधा परेको विषयका बाधा अड्काउ फुकाउने र नियमावलीमा उल्लेख भएको प्रावधानहरुको व्याख्या गर्ने अधिकार हुनेछ ।

## अनुसूची-१

**(नियम ..... को उप नियम १ सँग सम्बन्धित)**

**फोहोरमैलाको वर्गिकरण**

| **साधारण फोहोरमैला** | | | **हानिकारक फोहोरमैला** | |
|---|---|---|---|---|
| **जैविक** | **अजैविक** | **अन्य** | **स्वास्थ्य संस्थाजन्य फोहोर** | **औधोगिक फोहोर** |
| भान्साको फोहोर, बाँकी खाना, तरकारी तथा फलफूलका बोक्रा/विगा, पात पतिङ्गर, झारपात, धुलो/कसिङ्गर | प्लास्टिकका सामान, कार्ड वोर्ड, पेपर, प्याकेजिङ पेपर, सिसा, मेटल, जुत्ता, चप्पल, पुरानो कपडा | निर्माणजन्य फोहरमैला, पशु तथा पंक्षी जन्य फोहर | म्याद नागेका औषधिहरु, सिरिन्ज, निडिल, धारिलो हतियार एवं औजारहरु, पन्जा / माक्स, काटिएका शरिरका अंगहरु, रगतका पोका, ब्यान्डेज | केमिकलहरु, विषालु ग्याँस, खरानी, हेवी मेटल, मर्करी, लिड, रंग, विषादीहरु, केमिकल फटिलाईजर, पोलिस |

## अनुसूची-२

## (नियम १३ को उप नियम १ सँग सम्बन्धित)

श्रीमान् ..........................ज्यू,

नेपालगंज उप-महानगरपालिका ।

विषयः **<u>फोहोरमैला व्यवस्थापन गर्न अनुमति पाउँ।</u>**

......................स्थायी/अस्थायी ठेगाना भएको म/हामी ........................ यस उप-महानगरपालिकाको ................. क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोली उक्त क्षेत्रमा फोहोरमैला व्यवस्थापना गर्न नेपालगंज उप-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन नियमावली, २०८२ को नियम १३ को उप नियम १ बमोजिमको अनुमतिपत्र पाउन यो निवेदन पेश गरेका छौं ।

विवरणः

१. फोहोरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक श्रोत, जनशक्ति, संकलन तथा ढुवानी साधान र कार्य अनुभवको विवरणः

२. फोहोरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र,

३. फोहोरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,

४. फोहोरमैला व्यवस्थापन गर्ने तरिका एवं विधि,

५. फोहोरमैला व्यवस्थापन सम्बन्धि योजना,

६. फोहोरमैला व्यवस्थापनमा प्रयोग गर्ने प्रविधि ,

७. कर चुक्ता गरेको प्रमाणपत्र,

८. संस्था फर्म, कम्पनी दर्ता तथा नविकरणको प्रमाणपत्र ।

**<u>निवेदक</u>**

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

मितिः

## अनुसूची-३

## (नियम १३ को उप नियम ३ सँग सम्बन्धित)

श्रीमान ..........................ज्यू,

नेपालगंज उप-महानगरपालिका ।

विषयः **<u>अनुमतिपत्र</u>।**

तपाई.......................स्थायी/अस्थायी ठेगाना भएको श्री .........................ले जिल्ला नेपालगंज, नेपालगंज उप- महानगरपालिकाको .................... क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न चाहेकोले मिति ............... मा यस कार्यालयमा निवेदन दिनुभएकोमा देहायको शर्तहरुको अधिनमा रही फोहोरमैला व्यवस्थापन नियमावली, २०८२ को नियम १३ को उप-नियम ३ बमोजिमको अनुमतिपत्र प्रदान गरिएको छ।

शर्तः

१. ... .... ... .... .... .... ... ...

२. ... .... ... .... .... .... ... ...

३. ... .... ... .... .... .... ... ...

<u>अनुमतिपत्र प्रदान गर्ने अधिकारी</u>

हस्ताक्षरः

नाम,थरः

ठेगानाः

मितिः

**अनुसूची-४**

**(नियम १६ को उप नियम १ सँग सम्बन्धित)**

श्रीमान ..........................ज्यू,

नेपालगंज उप-महानगरपालिका ।

विषयः **अनुमतिपत्र नविकरण गरी पाउँ ।**

नेपालगंज उप-महानगरपालिकाको ..........................क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न त्यस कार्यालयबाट मिति...................मा अनुमतिपत्रको म्याद मिति.................सम्म रहेको छ। नेपालगंज उप-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन नियमावली, २०८२ को नियम १६ को उप-नियम १ बमोजिम उक्त अनुमतिपत्र नविकरण दस्तुर रु................संलग्न गरी अनुमतिपत्र नविकरणको लागि यो निवेदन पेश गरिएको छ।

**निवेदक**

हस्ताक्षरः

नाम,थरः

ठेगानाः

मितिः